आज मिती २०८२ माघ ३ गते विहान ८:०० वजे का दिन यस मकवानपुरगढी गाउपालीकाको अध्यक्ष श्री विदुर ढुमागाईजूको अध्यक्षतामा गाउ कार्य पालीकाको बैठक वसी देहायको उपस्थितीमा देहायको निर्णयहरु गरियो ।

उपस्थिती

श्री विदुर ढुमागाई अध्यक्ष

श्री दुर्कमाया रुम्बा उपाध्यक्ष

श्री आइत सिंलो वडा अध्यक्ष

श्री बखान सिं पाख्रीन वडा अध्यक्ष

श्री भगवत घिमिरे वडा अध्यक्ष

श्री राम प्रसाद तिमल्सीना वडा अध्यक्ष

श्री जित वहादुर घिमिरे वडा अध्यक्ष

श्री टिका प्रसाद दहाल वडा अध्यक्ष

श्री सूर्य व. रुम्बा वडा अध्यक्ष

श्री कुमार सिं घिसिङ वडा अध्यक्ष

श्री सुरेन्द्र सुनार का.पा.सदस्य

श्री चिनिमाया लुङवा का.पा. सदस्य चिनी

श्री वुद्धिमाया योन्जन का.पा सदस्य

श्री मन्जु योन्जन का.पा सदस्य

Scanned with CamScanner

श्री पातली माया गोले का.पा.सदस्य [signature]

श्री निर्मला विश्वकर्मा का.पा.सदस्य निर्मला

श्री भिम बहादुर पौडेल, प्र.प्र.अ. [signature]

श्री प्रकाश न्यौपाने ना.सु योजना शाखा

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

मिति : २०७५।१०।०३

कार्यपालिका वैठकको प्रस्तावहरु

१. ३ नं प्रदेश तथा अन्य निकायबाट यस गाउँपालिकालाई प्राप्त वजेटको कार्यान्वयन सम्वन्धमा ।

२ ~~ल~~ मकवानपुरगढी गाउँपालका स्वयंसेवक शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५

३. ऐतिहासिक मकवानपुरगढी विजय उत्सव मनाउने तथा वजेट विनियोजन सम्वन्धमा ।

४.मकवानपुरगढी दरवारको पुर्ण सरसफाई तथा बजेट खर्च सम्वन्धमा ।

५. गाउँपालिका फर्निचर,कार्पट तथा न्यायिक समितिको सचिवालय व्यवस्थापन सम्वन्धमा ।

६. ढुंगा,गिटि,वालुवाको उत्खनन् तथा विक्री(आन्तरिक आय संकलन) बोलपत्र स्वीकृत सम्वन्धमा ।

७. विभिन्न क्षेत्रहरुको डिपिआर तयारी सम्वन्धमा ।

८. पर्यटन तथा नागरिक उड्यानमन्त्रालयवाट प्राप्त गढीदरवार पुनःनिर्माणको वजेट कार्यान्यन सम्वन्धमा ।

९. आर्थिक वर्ष २०७४।०७५ को वेरुजु उपर छलफल तथा वेरुजु फर्छौट सम्वन्धमा ।

१०.आर्थिक सहायता सम्वन्धमा ।

११. सडक वोर्डनेपाल वाट प्राप्त बजेटको योजना परिमार्जन सम्वन्धमा ।

प्रमाणित

[signature]

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णयहरु

निर्णय नं १ : प्रस्ताव नं १ माथि छलफल गर्दा देहयको योजनाहरु कार्यान्वयनको लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को परिधिभित्र रही नियमानुसार ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं | योजनाको नाम | बजेट | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गाउँपालिका | प्रदेश सरकार | पूर्वाधार विकास साझेदारी कार्यक्रम | जम्मा | १ वर्षिय (बोलपत्र) |
| १ | धुंगेगढी आनन्द शान्ति पार्क,वडा नं २ | १०,००,०००।- | ३०,००,०००।- | - | ४०,००,०००।- | १ वर्षिय (बोलपत्र) |
| २ | खानेपानी योजना वडा नं १ र २ | | ५०,००,०००।- | | ५०,००,०००।- | १ वर्षिय (बोलपत्र) |
| ३ | पिप्ले मकान्चुली रानीसेरा पर्यटन मार्ग( काली देवि दुग्ध उत्पादक सहकारी अगाडीको ओरालो खण्ड ) स्ल्याव ढलान | | | ३०,००,०००।- | ३०,००,०००।- | १ वर्षिय (बोलपत्र) |
| ४ | ज्यामिरेखोला चेक ड्याम निर्माण | १,००,००,०००।- | | | १,००,००,०००।- | १ वर्षिय (बोलपत्र) |
| ५ | ज्यामिरेखोला पक्की पुल निर्माण | २,३५,००,०००।- | २,३५,००,०००।- | | ४,७०,००,०००।- | बहुवर्षिय (बोलपत्र) |
| ६ | वडा नं ५को वडा कार्यालय भवन शौचालय तथा कम्पाउण्डवाल निर्माण | ५,००,०००।- | | | ५,००,०००।- | कोटेशन मार्फत गराउने । |
| ७ | वडा नं ८ को अपुरो वडा कार्यालय भवन निर्माण | ५,००,०००।- | | | ५,००,०००।- | कोटेशन मार्फत गराउने । |

निर्णय नं २:

प्रस्ताव नं २ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्षको गाउँसभाबाट स्वीकृत वजेट अनुसार विभिन्न विद्यालयहरुमा थप शिक्षक व्यवस्थापन गर्न वान्छनिय भएकोले थप शिक्षक व्यवस्थापनको लागि मकवानपुरगढी गाउँपालका स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय न. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका वडा नं २ स्थित ऐतिहासिक मकवानपुरगढी को २५६ औं विजय उत्सव भव्य र सभ्य तरिकाले मनाउने सन्दर्भमा सम्माननीय राष्ट्रपती ज्यूको आगमन हुने भएकोले सो कार्यक्रम सम्पन्न गर्नको लागि आवश्यक मर्मत संभार,शिलालेखको स्थापना, सरसफाई तथा उक्त २०७५ माघ १० गतेको मंच व्यवस्थापनको लागि गाउँसभाबाट विनियोजित ४,००,०००।- र तथा उक्त कार्यक्रमको लागि नपुग रकम विविध तथा कन्टेन्जेन्सी शिर्षकबाट खर्च गर्ने गरि अनुमोदन गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा मकवानपुरगढी दरवार क्षेत्रभित्र सरसफाईकार्यको लागि चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार देहाय अनुसारको खर्च शिर्षकबाट उक्त क्षेत्रम फोहोर संकलन डस्विन राख्न वजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | मूलक शिर्षक र कुल वार्षिक वजेट | खर्च शिर्षक | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्ण सरसफाई कार्यक्रम ( २२५२२) रु ४,००,०००।- | गढीदरवार क्षेत्रमा डस्विन | ८०,०००। | |

निर्णय न. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको माथिल्लो तल्ला भवनमा न्यायिक समितिको सचिवालय स्थापना,वैठकहल व्यवस्थापन तथा अन्य कोठमाहरुमा कार्पेट,पर्दा तथा फर्निचर व्यवस्थापनको लागि चालु आर्थिक वर्षको स्वीकृत वजेट रु. ५,००,०००।-वाट खरिद कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि मकवानपुरगढी गाउँपालिका क्षेत्रको विभिन्न खोलाहरुवाट प्रारम्भिक वातावरणिय परिक्षण(IEE) सम्पन्न भएको क्षेत्रवाट ढुंगा,गिटि,वालुवा,माटो आदी नदीजन्य पदार्थको उत्खनन्

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तथा बिक्रीको लागि आव्हान गरिएको बोलपत्र नं ०२/०७५-०७६ को लागि रितपुर्वक दर्ता भई सो ठेक्का मुल्याकनको लागि मुल्यांकन समितिले गरेको सिफारिस तथा सो ठेक्का स्वीकृतको लागि आशयको सूचना समेत प्रकाशन भई सो समय समेत व्यतित भएको हुँदा देहायको फर्मको ठेक्का देहाय अनुसार स्वकृत गरि ठेक्का सम्झौताको लागि गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

| ठेक्का नं | ठेक्काको नाम | बोलपत्र स्वीकृत भएको फर्मको नाम | ठेक्का अंक | कैफियत |
|---|---|---|---|---|
| ०२-०७५/०७६ | स्वीकृत IEE प्रतिवेदन अनुसारको क्षेत्रबाट ढुंगा,गिटि,बालुवा,माटो आदी नदीजन्य पदार्थको उत्खनन तथा बिक्री ठेक्का(आय ठेक्का) | एम.बी.निर्माण सेवा,हेटौडा-४,मकवानपुर | ३,३०,००,०००।-(तिन करोड तिस लाख मात्र)<br>(कर बाहेक) | ठेक्का सम्झौता कबोल अंक अनुसार कर बाहेक गर्ने र सोको जानकारी आन्तरिक राजस्व कार्यालय हेटौडालाई पठाउने । |

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालकाको देहयको क्षेत्र तथा सडकहरुको डिपिआर तयार गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | खर्चको श्रोत |
|---|---|---|
| १ | सामरीपुल,मकवानपुरगढी,रानीसेरा पर्यटकीय सडक | गाउँपालिका |
| २ | सहिद वासुदेव मार्ग | केन्द्रीय बजेट |
| ३ | २५ शैयाको हस्पिटल निर्माण | गाउँपालिका |
| ४ | वाग्दली देविडाँडा सानोमोटोरेवल पुल निर्माण | गाउँपालिका |
| ५. | सुकौरा संस्थागत गुम्बा | गाउँपालिका |
| ६ | इचुडबुढिचौर सडक | गाउँपालिका |
| ७. | गौरी भन्ज्याङ वासपानी कुबेर खोला सडक | गाउँपालिका |
| ८ | पिपलबोट सोल्टीमोड सडक वडा नं ३ | |

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा पर्यटन तथा नागरिक उड्यान मन्त्रालयवाट प्राप्त बजेट रु. २५,००,००० वाट देहाय अनुसारको शिर्षकमा खर्च गर्ने गरि निर्णय गरियो ।

| क्र.सं. | कियाकलापको नाम | बजेट शिर्षक | विनियोजित रकम रु. |
|---|---|---|---|
| १ | फुट ट्रेल निर्माण | २९६११ | ४,००,०००।- |
| २. | पार्क निर्माण | २९६११ | ५,००,०००।- |
| ३. | शौचालय निर्माण | २९६११ | ५,००,०००।- |
| ४ | जिणोद्धारा तथा पिकनिक स्थल निर्माण | २९६२१ | ११,००,०००।- |
| जम्मा | | | २५,००,०००।- |

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा गत आर्थिक वर्ष २०७४।०७५ को आन्तिम लेखापरिक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भयो । अन्तिम लेखापरिक्षण प्रतिवेदन उपर छलफल समेत भई कार्यपालिकालाई लेखापरिक्षणवाट औल्याइएका वेरुजुको वारेमा समेत जानकारी भयो । सो सम्वन्धमा लेखापरिक्षण प्रतिवेदनले औल्याएको देहायको वेरुजु देहाय अनुसार फर्चोट गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

| क्रं.सं. | वेरुजुको शिर्षक | वेरुजु रकम रु. | फर्चौटको कार्यविधि |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १ | शशर्त अनुदान तर्फके फिर्ता गर्नु पर्ने बेरुजु रकम | १०५४७५। | गाउँपालिका मुल संचितकोष खाताबाट चेक काटी बेरुजुखातामा रकम जम्मा गर्ने । |
| २. | महिला स्वास्थ्य स्वयम सेविकाको मासिक पारिश्रमिकबाट १ प्रतिशत सा.सु.कर नकाटेको बेरुजु रकम | ६२४०1- | महिला स्वास्थ्य स्वयमसेविकाको मासिक सुविधामा कट्टा गरि बेरुजु खातामा रकम जम्मा गर्ने । |
| ३ | कर कट्टि गरि दाखिला गर्न बाँकी बेरुजु रकम | २७७८१९७ | गाउँपालिका मुल संचितकोष खाताबाट चेक काटी बेरुजुखातामा रकम जम्मा गर्ने । |
| ४ | शशर्त अनुदान तर्फको भानु मा.वि.लाई वढि भुक्तानी भएको बेरुजु रकम | १,२१,५००1- | सम्बन्धित विद्यालयलाई पत्राचार गरि बेरुजुखातामा रकम जम्मा गर्न लगाई सो को प्रमाण लिने । |

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा चालु आर्थिक वर्षको गाउँसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही देहायको व्यक्ति तथा निकायलाई देहायमा उल्लेखित अनुसार नियमानुसारको प्रक्रिया पुरागरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | व्यक्ति वा संस्थाको नाम | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|
| १ | उषा परियार | २५,०००1- | |
| २ | स्वस्ति शान्ति यज्ञ,गढी -२ | २५,०००1- | |
| | जम्मा | ५०,०००1- | |

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकालाई चालु आर्थिक वर्षको सडक वोर्ड नेपाल बाट प्राप्त बजेट यस अधिको कार्यपालिका बैठकबाट सहिद वासुदेव मार्ग स्तरउन्नतीको लागि निर्णय भएकोमा उक्त योजना परिमार्जन गरि देहायको सडक निर्माणको लागि सडक वोर्ड नेपालमा योजना पेश गर्ने निर्णय गरियो ।

१. पिप्ले मक्रान्चुली सडक

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner